झिल्का

पूर्णप्रसाद, ब्राह्मण

रत्न पुस्तक भण्डार, नेपाल

झिल्का

(छोटा कथा)

लेखक

पूर्णप्रसाद ब्राह्मण

प्रकाशक

रत्न पुस्तक भण्डार

नेपाल

[तृतीय संस्करण १०००] २०२१ [मूल्य १-।

प्रकाशक—

रत्न पुस्तक भण्डार

भोटाहिटी, काठमाडौं,

नेपाल ।

शाखा—

ठाकुरबाडी रोड, विराटनगर, नेपाल

लोहारपट्टी मार्केट, वीरगञ्ज, नेपाल

ए. २/२७ गायघाट, वाराणसी (भारत)

[सर्वाधिकार सुरक्षित]

मुद्रक—

महादेव प्रसाद

दीपक प्रेस

१७।२७२ नदेसर, वाराणसी ।

छात्र कार्य समिति, संस्कृत छात्रावास
पाक्षिक कार्यक्रम अन्तर्गत आयोजित "सं
स्कृत साहित्य र नेपाली साहित्य" भ
विषय को साहित्यिक लेख प्रतियोगि
तामा प्रथम हनुमत्का साथी श्री मुक्ति
विनाउजो लाई यो पुरस्कार सधन्यवाद
प्रदान गरिन्छ।

सभापति:-

शिक्षामन्त्री
विजयराज
छात्र-कार्य-स

पुरस्कार वितरण समारोह।
२०२२।३।१।२

२०२२।३

मंगलाचरण

हाँस्तै स्वदेशको लागि मरे जो धर्मयुद्धमा
शुक्र, गंगा, दशरथ, धर्मलाई छ वन्दना !

—लेखक

छात्र-कार्य-समिति
२००७
संस्कृत छात्रावास

एक कुरा !

'यी फिलिङ्गा अघि किन भित्रभित्रै मात्र न्याय र सत्यका हरामहरूको छातीनेर आत्थु आत्थु पार्थे र अल्पिहाल्थे ?'

यसको जवाफ त म के दिउँ ? यो त राणाहरूको डायरशाहीको पतनले नै अब त स्वयं भन्ला ! जो एक दुइ भित्रभित्रै काम गरेर निभे जस्ता छन्, ती पनि निभेका छैनन्, यानी तिनले निम्न भएको छैन— आज इस्ट इण्डिया भोलि भिक्टोरिया, आज अकबर भोलि औरङ्गजेब, आज लुई भोलि नेपोलियन, आज जारशाही भोलि कैसर नेपालमा पनि भए भने !

बरू अब त स्पष्ट तौरसंग यो केको निति ? यो सोध्न हुन्छ । यसको जवाफ समाजको अन्धधर्म, अन्धविश्वास, र अन्धश्रद्धाको जगदार महल जलाउन ! मानवताको वेदीमा जनता नृसिहद्वारा हिरण्यतन्त्र शासनको चरु होम्न ! नाङ्गा र भोकाहरूको हातबाटै उनीहरूका युग दुश्मन दासता र विषमताका कारणहरूको पूर्णाहुति गर्न ! देशमा मानवीय अधिकारको सच्चा सक्रिय प्रदर्शन गर्न !

यी फिलिङ्गा अब सल्कँदै जान्छन् । नेपाली वनका सुकेका स्यौलाहरू यिनको स्वागत गर्छन् । यिनको निति त्यो दिन उत्सव छ, विश्रान्ति छ— जुन दिन देशका धार्मिक नैतिक, सामाजिक, आर्थिक पुराना संस्कार जति खाक हुन्छन् र हावामा मिल्नका लागि खरानीको पहाड बन्छ ।

—पूर्णप्रसाद, ब्राह्मण

दुइ शब्द

दुइ वर्षअघि नै श्री पूर्णप्रसादजीले यी झिल्का लेख्नुभएको थियो, लुकी छिपी हामी सुन्थ्यौं। त्यो आज प्रकाशमा आएको छ। यसमा तानाशाहीका विरोधी सबैले हर्ष मनाउनु स्वाभाविकै हो।

विकासको बाटोलाई छेकेर तानाशाहीले अगाडि बढ्न नदिएकोमा एउटा प्रगतिशील व्यक्तिको रन्थन र बिलौना यसमा अंकित छ। विकासको दुश्मनउपर घृणा, द्वेष र विद्रोहको साकार आकार यी झिल्का छन्। जनता-घाती बन्धन-ऊपर यिनमा जुन विद्रोह छ, त्यो अहिलेसम्मको हाम्रा साहित्यमा अन्यत्र पाइँदैन। असुर र देवको द्वन्द्व जहिले पनि चलिरहने हुनाले विद्रोही कथाकारका यी झिल्का अमर छन्।

—श्री सिद्धिचरण

विषय-सूची

कथा	पृष्ठ
बिहे	३
हक	५
दागा	६
सराप	८
बिगुल	९
धर्म	११
लिसो	१३
खलल	१५
होक्की	१७
सेवा	२१
खेल	२३
परत्र	२५
हीहो	२७

कथा	पृष्ठ
जांच	३०
सभा	३३
भिक्षा	३६
बैठक	३९
झझल्को	४२
तत्व	४६

अन्तरिम सरकार खडा भएपछि

नाटक	५१
वर्तमान	५३
थोक व्यापार	५६

विहे

बनदेवीले बनमा एउटी मर्त्यकन्या पाइन् र कन्दमूल झरनाको पानी खुवाएर हृष्ट पुष्ट पारिन्। प्रकृतिद्वारा शिक्षा दीक्षा दिलाइन्। मर्त्यकन्या प्राकृतिक जीवन र सौन्दर्य लिएर यौवनको द्वारमा उभिइन्। अनि बनदेवीले विचार गरिन्— 'बेला भयो, यसको विवाह कोसंग गरिदिउँ ?

मातृहृदय साँच्चै स्नेह र आशंकाको भण्डार न हो ! बन-देवी धर्मपुत्री मर्त्यकन्याको भविष्य कस्तो होला यही चिन्ताको तुषारोमा जीर्णशीर्ण थिइन्। उनले संझिन्-संपत्तिमान् को छ ? किसान छ। कारण ऊ नै जमीनको मालिक हो। सारा उत्पा-दन उसकै श्रम-पुरस्कार हो। उसको जति संपत्ति, ऐश आराम अरू कसैको हुनुहुँदैन । मह काढ्नेले हात चाट्नु न्यायसंगत पनि त हो !

यसैले उनले एउटा किसानसंग मर्त्यकन्याको विवाह गरि-दिइन्।

× × ×

आखिर मर्त्यकन्या घरमा बस्न सकिनन्। उनको दुःख-करुणाले बनदेवीको छाती चिरियो। मर्त्यकन्यालाई कुनै अर्को योग्य वर पाए पुनर्विवाहको आश्वासन दिएर उनले आफैसंग बस्ने अनुमति दिइन्।

एक दिन त खोज्दै किसान बनदेवीकहाँ आयो र भन्यो—"मेरी पत्नी देउ।

त्यो सुन्दा बनदेवीले एक्कासि उग्लिएर भनिन्—'पामर ! तँ आत्मघाती होस्। तेरो नीच व्यक्तित्व कसैको पति बन्न लायक छैन। जमीन, श्रम, उत्पादन तेरो हातमा छ र तेरै निम्ति छ भन्ने भ्रमले धर्मपुत्री दिएथें। तँ त स्वयं अर्काको दास रहेछस्। आफ्नो जमीन दिएर तँ अर्कालाई मालिक मान्दो रहेछस्। आफ्नो श्रमले अर्काको दरबार बनाउँदो रहेछस्, भोग सामग्री जुटाइदिंदो रहेछस्। आफू न पेटभरी खान्छस्, न पानी ओत्ने घरमा बस्छस्, न सग्लो धरोले आँग ढाक्छस्। हे अधिकारवञ्चित ! तँ जस्तो, जालीको शिकार, अर्धमृत पामरलाई मेरी धर्मपुत्री ! नामर्दको जोई बन्नु विशुद्ध मातृजातिको निति महान् कलंक हो।'

त्यो सुन्दा किसान झोक्रियो। धेरै गुनेपछि आखिर उसकै हृदयले उसलाई भन्यो—'यो गाली होइन..........।'

हक

अजन्ता विशाल मानवजगत्‌मा विभिन्न संघर्ष भई नैरहन्छ !

कुनै एक परिवारमा सुमनको जन्म भएको हो। उसले पालन पोषण राम्रो पायो, साथै शिक्षा दीक्षा पनि। आज उसलाई यौवनले कुनै न कुनै व्यवहार-सूत्र समात्न इशारा गरिरहेछ। प्रथमतः कर्तव्यले नै उसलाई बाध्य गरिरहेछ। किनकि ऊ जड पशुजीवनभन्दा निकै ऊँचा मानवजीवनको एक सदस्य हो। यसैले यो जटिल प्रश्न छ-उससे केन्द्रित पारिवारिक कोठरीको सदस्य हुने कि, विशाल प्रगतिशील सामाजिक जगत्‌को ! परिवार र समाजको संघर्ष भयो—उसलाई तान्न।

× × ×

मुद्दा दायर भो सत्यको न्यायालयमा। सत्यले परिवारलाई सोधे—सुमनमाथि तेरो केको हक छ ?

'पालन-पोषण र लाड प्यारको'

'समाजको केको हक छ !'

'भाषा, विचार, सभ्यताको'

आखिर सत्यबाट फैसला भयो—भाषा, विचार सभ्यता नै जीवनका ज्यान भएकाले मुख्य हक सुमनमाथि समाजकै हुन्छ। गौण हक परिवारको।

× × ×

अनि सुमनले समाजतिर हेरेर भन्यो—फैसलामा निकै तथ्यता देख्छु।'

दागा

चेतनले मानवलाई एउटी दूधालु जातकी कोरली गाई दिएर भन्यो—'गोधन बढा।'

चेतन अलिपयो। मानवले विराट्को घना जङ्गल फांड्यो। गोठ बन्यो। गाई बाँधिइन्। समयको वैज्ञानिक दौड छँदै छ। गाईका बाच्छाबाच्छी असंख्य भए। गोठ भरियो। सृष्टि-देवता हाँसिन्। मानो त्यो उनको सफल कामना हो!

× × ×

गोठालो उही मानव छ। हातमा उसको मजबूत दण्डा छ। मानो उसलाई आज अकैं सनक छ। गाईको दूध यति पौल छ—बाच्छाबाच्छी सब अघाएर गोठालोलाई समेत पुग्छ। तैपनि हेर्दा त्यहाँ छाती चिरिन्छ। बाच्छाहरू-को पेट सधैं पेटारो लागेको छ। बलियो डोरीले ती थाममा बाँधिएका छन्। गोठालो कल्चौंडो निखारेर दूध दुहुन्छ। काम भछैं। पिउँछ। जमाउँछ। नौनी झिक्छ। डकाछे। अरू भण्डारमा भित्र्याउँछ। बिचरी गाई गहमा आँसु लिएर प्यारा लालहरूतिर हेर्छिन्। मुटुमा भक्कानो परेर आउँछ। जोशमा केही बोल्न खोज्छिन्, मानवी भाषा आउँदैन, चाउरिन्छन्, उम्राइसकेको चारा वेदनाले निलिंदैन। एक टक लगाएर आफ्ना लालहरूलाई हेर्छिन्। उनीहरू फुकिढल्ला

छन्। तैपनि तन्किरहेका छन्—। आमाको रित्तो कल्चौंडोतिर। के लाग्यो अर्काको हात परिसकेपछि।

थिति असह्य भयो र प्रकृतिले चिढिएर गोठालोलाई भनिन्—'के यस्तो गरेको!'

उसले झन् डग्लिएर भन्यो—'त्यतिको दूध छोडिदिँउ! अनि यी डाम्ना कतै थामिसक्ना हुन्छन्!'

'नसक, के हुनेछ।'

गोठालोले जिब्रो काडेर भन्यो—'ओहो! गैगो नि?

× × ×

यो घटना आकाशभित्र छिपेर चेतनले जाँचिरहेका रहेछन्। एकासि उनको चोरऔंलो ठडियो। आज गोठमा तुवाँलो लागेको छ। शायद भोलि के हुन्छ।

सराप

बनप्रजाहरूको पालोशान्तिले आएको जरायोलाई चबाइ-सकेपछि सिंहले गिजा चाट्तै, नङ्ग्रा पसार्दै भन्यो—'डमरू कहाँ गए ?'

सिंहिनीले डमरूलाई काखमा छापछोप पारेर भनी—'कहाँ गए कुन्नि, त्यतैतिर लागे कि।'

सिंहले गर्जेर भन्यो—'म राजा हुँ, न ढाँट।'

'बनको यत्रो निष्कण्टक राज्य ! पञ्जामा त्यत्रो विश्व-सामर्थ्य, तैपनि यो नीचातिनीच शंका, उपशंका, त्यो पनि आफ्नै अशक्त निरपराध बालबच्चामाथि ? धिक्कार छ राज-कुलको जन्मलाई'—यति मनमा विचार गरिसकेपछि सिंहिनीले अलि धोत्रो स्वरमा भनी—'किन ढाट्थें !

× × ×

मेघ गर्जियो। सिंहले ओडारबाट कटु गर्जना छोड्यो, आकाशतिर फर्केर ! ह्वाङ्ङ मुख बायो दाह्रा देखाएर। चारै खुट्टा तन्कायो, साथै नङ्ग्रा पसार्दै। बनका गुफागुफाले प्रति-ध्वनिले त्यो गर्जाइको स्वागत गरे। बनको शान्त वातावरण क्षुब्ध भयो। मृगका पाठाहरू तर्सेर माउको काखमा घुस्रिए। उनीहरूको भयतरल दृष्टिले बन छायो।

यो सब भगवती प्रकृति देवीले अलक्षित हेरिरहेकी थिइन्। यसैले आफ्नो विरक्तिमा उनले भनिन्-अशक्त सीधा साधाको अधिकार रक्षाको लागि र सच्चा विश्वबन्धुत्वको रक्षाको लागि हिंसा र अशान्तिको जन्मदाता हे साम्राज्य ! तँ आफ्नै शङ्का र विद्रोहमा मिटेर जा !

●

बिगुल

बीसौं शताब्दीले बिगुलको आवाजमा भन्यो—"विश्व-साम्राज्य कुनै एक वादको हुनुपर्छ ।"

× × ×

समस्त विश्वक्षेत्र रोमाञ्चकारी रणभूमि बन्यो। ज्ञान र विज्ञानको भौतिकता र आध्यात्मिकताको मिश्रित गर्जनमा चल्यो भीषण संग्राम। सारा स्वार्थी अभिमानी वादहरूको भयो मुठभेड। बज्यो पक्ष-विपक्षको तर्क-वितर्कको कर्णकटु रण-दुन्दुभि। अनन्त रणवीरहरू ताण्डव मच्चाउन लागे जय र पराजयको बीचमा। प्रकृति काँपिन्, विश्वजनता क्षुब्ध भयो।

× × ×

खबर पुग्यो अलक्षितको सुनौला मन्दिरमा। अनन्त ब्रह्माण्डका अधिनायकले भने—'अशान्तिकरी बालक्रीडा बन्द गर। पछि निधो लाग्नेछ।'

जीवनको अविरल क्रान्तिले थाकेका रणवीरहरूले निर्णय-को लागि युद्ध बन्द गरे, जय र पराजयका लखौं आजितोमा। पछि फेरि ब्रह्माण्डका अधिनायकले भने—'वादहो! विश्व-शान्तिको लागि तिमीहरू लायक छौ, न कि तिमीहरूको स्वार्थ र अभिमान। विश्वशान्ति त आखिर सत्यमै निर्भर गर्छ।' यति भनेर उनी अलिपए।

धेरै असहन, धेरै अन्वेषण, धेरै तर्क वितर्कको पछि सारा वादहरूले आकाशतिर फर्केर सोधे—'सत्य के हो त ?'

सुदूर नील आकाशद्वार फुटेर मधुर र गम्भीर आवाज आयो—स्वार्थ र संकोच, 'तँ र मँ' भन्दा परको कार्यान्वित विश्वभावना।'

शर्म

पृथ्वीको गर्भबाट निस्कनासाथ दुइटा ढुङ्गाले भीष्मप्रतिज्ञा गरे—'आजीवन लोकसेवा गर्नेछौं।' प्रतिज्ञा महत्वको थियो। कार्यान्वित हुन सकेको थिएन। कार्यलाई अवसर र क्षेत्रको न आवश्यकता छ!

नभन्दै केही वर्षमा विष्णुमतीमा पुल र तीरमा देवी-मन्दिर बन्ने भयो। सुन्दा दुवैमा हर्षको सीमा रहेन। ती दुइमा मौन आलाप चल्यो—'कुन बनेर लोकसेवाको लक्ष्यपूर्ति गर्ने, पुल कि मन्दिर?

सधौं धार्मिक पुष्टि दिएर एउटाले भन्यो—'मन्दिर बनेर। अर्कोले चाहिं सच्चा कर्मयोगको महत्व देखाउँदै भन्यो—पुल बनेर।

आखिर दुइको रुचिभेद भयो। एउटा बन्यो मन्दिर, एउटा बन्यो पुल। विश्वबन्धु समीरबाट ती दुइको खबर ओसार पसार भइरहन्थ्यो।

यता मन्दिरमा पूजासामग्रीको समारोह, शङ्ख घण्टाको घोषणा, नैवेद्यको मारामार थियो। उता पुलमा धूलोमूलोको भस्सारेपन, यानहरूको गर्वित गतिमा थर्थराहट र बाह्रै काल बाह्रै महीनाको निराहारी तपस्या-हिउँको, गर्मीको, वर्षाको। यस्तै थियो।

केही समयपछि मन्दिरलाई पुलले सोध्यो—'लोकसेवा जत्तिको चलेको छ त ?

मन्दिरले भन्यो—'भाई ! भन्दै शर्म लाग्छ। लोकसेवा होइन, त्यसको नाउँमा पेटसेवा चलेको छ। साथै निरपराध मृत बलिहरूको करुण बीभत्स दृश्यले सधैं नारकीय यातना खप्नुपरेको छ। मिथ्या प्रचारको घृणित केन्द्र बन्नुपरेको छ। जो म गरिरहेछु, त्यो वास्तव धर्म होइन, शर्म हो ! धन्यवाद छ—वहाँको अवसर दृष्टिलाई। अनि यहाँको तपोबललाई जो आज सेवाको निंति संसारको पदाघात सहेर आफ्नो व्यक्तित्व देखाइरहनुभएको छ। अन्धा लूला लंगडा सबको गतिविधि बन्न गएको छ। यो पो धर्म ?

लिसो

तपस्विनी वीर प्रसविनी भारतमाताले उजुरी दिइन्—'जातिवाद मेरो क्षेत्रबाट हटाइयोस् भनेर ।'

भारतमाता झिकाइयिन् विश्व न्यायालयमा, साथै लिसो जातिवाद पनि । न्यायाधीशले भारतमातालाई सोधे—'तपाइँ-लाई यसले के गर्‍यो ?'

'घरमा बसेर मेरा छोराहरू फुटाइदियो, अझ सर्वस्वमा दावा गरिरहेछ ।

'कति भो यसले यति गरेको ।'

'डेढ् हजार वर्ष ।'

जातिवादतिर फर्केर न्यायाध्यक्षले भने—त्यसो गर्न तेरो के हक !'

'डेढ् हजार वर्षको कुरा हैन यो मेरो पुरानो राज्य हो निष्कण्टक !'

'के प्रमाण छ !'

'प्रमाण अरू के ! पुराना महर्षि, राजर्षिहरू साक्षी छन् ।'

× × ×

झिकाइए अतीतका द्वार खोलेर प्राचीन महर्षि राजर्षिहरू । वादी प्रतिवादीको मिसिल सुनाइयो र सोधे अन्यायका दुश्मन न्यायाध्यक्षले—'व्यासजी, के भारतक्षेत्र अघिदेखि नै यसको हो ? पक्षपात नगरीकन भन्नुहोस् ।

त्यो ताक बनप्रजाहरूको हालत साह्रै गए बितेको थियो। आफआफूमै एक एकओटा मिलेर पालोशान्तिले राजाको ग्रास बन्न जानुपर्थ्यो। पुराना कथाहरू प्रायः यही ढाँचाका त हुन्छन्! मानो डर र त्रासमै उनीहरूको प्यारो आचार थियो, कमजोरीको आत्मसमर्पण नै धर्म। यो स्थिति चतुरकको आत्माको लागि असह्य थियो। एक त आत्माको सच्चा ठहर कति दिन नफुटी सक्थ्यो। सिंहको कराल यमदंष्ट्रा चाहन्थ्यो—वनका नवशिशुहरूको कोमल हृदयमा कमजोरीको छाप। चतुरक बनाउन चाहन्थ्यो-तिनै हृदय पत्थर। पूर्व र पश्चिमको द्वारमा एकै पटक उषा किन हाँस्थिन्! वनमा धूँवा पुतपुतायो—कालो संघर्षको।

आखिरमा सिंहले चतुरकलाई फाँसीको सजाय दियो। प्रचलित धर्ममा खलल गरेको बारे, शान्त वातावरण भङ्ग गरेको बारे। वनका सारा प्रजाहरू आश्चर्य र खिन्न भए।

फाँसीमा चढ्दा हँसिलो चेहरामा चतुरकले भन्यो, भाइहो! मलाई खुशी छ किनकि तिमीहरूमा आश्चर्य र खेद उठेको छ।

•

होक्काँ

यहीं काँठमा दुइटा बहर थिए, एकै गोठका। कुरा भैरहेको थियो, तिनलाई दाउने। तिनमा एउटाले भन्यो—'भाइ! जुवा काँधमा हाल्ने हो!'

अर्काले उसको प्रश्नलाई त्यति महत्व नदिएर जवाफै दिएन। उसले फेरि सीङले कोट्याएर भन्यो—'के हो, जुवा काँधमा हालेर नारिने हो त!' अर्काले भन्यो—'के गर्ने त। बाबुले त्यसै गरे, बराज्यूले त्यसै गरे।'

'बाबु त भीरमा परेर मरेका थिए, हामीले पनि एक दुइ वर्षको बाली पकाएर त्यसै गर्ने त?'

हैन, गर्न हुने सक्ने कुरा पो गर्न त?'

'गर्न हुने सक्ने कुरा गर्ने हो भने छोडिदिउँन यहाँ, जाऔं अन्तै, यो जाबो एक पेटलाई हरिस तान्नुपर्छ?

'कहाँ जाने त?'

'खुला मैदानमा, स्वतन्त्रतामा।'

'जान त जाने, पेटमा के हाल्ने नि?'

त्यसो गर्दैमा भूइँमा तृण उम्रँदैन र? जोतिएर तिमीले पाउने पनि त त्यति नै हो? कि बढ्ता छ!'

'धत, त्यस्तो उच्छृङ्खल बन्न हुन्छ! एउटा मालिकको आश्रय भन्यो, दिएको खायो।'

'त्यसो त हलीको स्वाँट्ठा खायो, चुमुर्किएर हलो तान्यो पनि भनन।'

'नाइँ, त्यो त केही बिगारे सजाय त पाइन्छ नै, नपाइने हैन।'

'त बिराए त सजा पाइन्छ, केही नबिराईकनै पनि किन जूवा बोक्ने, बाँझो फोर्ने, त्यतिले नपुगेर अर्काको स्वाँठ्ठा खाने भनेको।'

त्यो सुन्दा अर्कोचाहिंले जवाफ दिन सकेन। एक छिन चूप लागेर आफ्नो कमजोरी दबाउँदै भन्यो—'के गर्छौं यहाँ छोडेर! भोलि नै आफ्नो पेटारो लाग्छ। फुकिढल्ला हुनुपर्छ। हुन त आफ्नो विचार आफूसंग छ।'

'त्यो त हो जरूर? आफ्नो विचार आफैसँग' छ!

× × ×

ती दुइमा एउटा बन्यो साँढे, एउटा गोरू। गोरूचाहिं जोवनपानीका अर्जेल बाहुनकहाँ दाइएको थिया। कुनै रमझम भन्न पाउँदैनथ्यो, औंसी पूर्णिमा बिदा पाउँथ्यो। कहाँ जाने? भन्यो, सधैं थाकेको स्वरमा भन्थ्यो—जोत्न। सधैं काँधमा जुवा बोकेर हरिसैमा अल्भिरहन्थ्यो। न जाडो भन्न पाउँथ्यो, न आँधी, न गर्मी। 'ल....ल....ल....तेरीमा सार्कीका आहारा, लौ ला डाम्नालाई' भनेर थचक्कै बस्ने गरी हलीले लौराले भकुथ्र्यो। सकी नसकी गहभरी आँसु गरेर दिनभर जोत्थ्यो, बेलुका जो

दिएको सुकेको पराल खान्थ्यो, त्यसैमा सन्तोष गरेर त्यही उग्राएर सधैं रातभर चिन्ताकै मात्र शिकार बनिरहन्थ्यो ।

साँढेचाहिं पहाडको उकालो ओरालो को चढोस्!' भनेर शहरमा बस्थ्यो । स्वतन्त्र घुम्थ्यो । उसको निंति न कुनै बार थियो, न बन्धन । रातभर फाँट चर्थ्यो । प्रकृतिको वरदान! के धान, के मकै, के गहुँ, के सागपात, उसको निंति सब लूटान थियो । बिहान द्यौता झुल्कँदा नझुल्कँदा ठस ठस गर्दै आएर मध्य सडकमा तेर्सिन्थ्यो । चक्रवर्ती राजाको समेत सवारी रुकथ्यो, उसलाई नमनाएसम्म । दिन दोबर रात चौबर काँधिएर गएको थियो । कसको तागत उसलाई छुनसम्म पनि, फूँ गर्दैमा सबको कलेजा उफारिदिन्थ्यो, जहाँ त्यहींको वातावरण खलबलाइदिन्थ्यो । आफ्नो ओहडामा कसैको गर्जना सुन्यो भने उठेर भूईंमा सिंगौरी खेल्न थाल्थ्यो, खुरले हानेर कोतरेर भूइँ थर्काइदिन्थ्यो—होकाँ, होकाँ····फूँ····फूँ गरेर । उसमा एउटा चक्रवर्ती मर्दी शान थियो । उ अर्कोको अनुचित स्वामित्वलाई मूलतः स्वाहा पार्न खोज्थ्यो । उ आफ्नो स्वतन्त्रताको पूरा उपासक र संरक्षक थियो, 'मानो ऊ सत्यको मूर्तिमान इशारा र मर्दीपनको ज्वलन्त सजीव मूर्ति थियो । आत्मसम्मानको मानूँ प्राकृतिक आचार्य थियो ।

× × ×

निकै वर्ष बित्यो । उ आफ्नू जन्मथात संझदै घर गयो । सरासर अघिको आफ्नो गोठमा पुग्यो । उसको भाइ गोरुले

उसलाई चिनेन। उल्टो झन् भयंकर अदृष्टपूर्व सजातीय आकारको यो के आयो ? भनेर ऊ गोठमा उतर्सियो, तन्कियो, साफ करायो। नबाँधेको भए शायद त्यो कहाँ पुगिसक्थ्यो। साँढेलाई हेर्न सक्ने त्यसको न जीउ थियो, न बर्कत। साँढेले भाइको त्यो गएसडेको हालत देखेर, त्यसको शारीरिक, नैतिक, पतनलाई घृणा गर्दै भन्यो—यही हो त मालिककहाँ पालिए पोसिएको गति ?'

परिचित शब्दबाट आधा चिनेपछि गोरूले आफ्नो स्थितिमा शर्म लिंदै छिनेको स्वरमा भन्यो—'भाइ हो ?'

साँढेले जुरो हल्लाउँदै गर्वपूर्ण स्वरमा भन्यो-'मै हुँ मै, होक्काँ !

सेवा

ईश्वरले मानवलाई राति आँखा छोपिदिएर जङ्गलमा छोडिदियो र भन्यो—'मानव ! तँ कर्म गर !'

त्यही दिनदेखि मानवले कर्मको बारे घेरै-विचार गऱ्यो, अन्वेषण गऱ्यो—'वास्तव कर्म के हो ?' पत्ता लागेन। यत्रो विश्वजङ्गल फाँड्यो, आबादी गऱ्यो, चित्त बुझेन। ओडार खोप्यो, कुटी बनायो, गाउँ शहर बसायो, तैपनि चित्त बुझेन—'वास्तव कर्म के हो ?'

अनन्त वर्षपछि आजित भएर मानव मन्दिरका देवताहरूकहाँ गयो र सोध्यो—'वास्तव कर्म के हो ?'

उनीहरूले जवाफ दिए—तिमी त जान्दैनौ, तिमीले कुँदेका हामी के बताऔं ? 'कर्म यो हो।' हामी त ढुङ्गा न हौं, चेतन र वाक् त तिमीसँगै छ, यति पनि तिम्रै भावनाले पो बोलेको त !'

फेरि केही समयपछि अज्ञानविह्वल मानवले सबै शास्त्रहरूलाई जम्मा गरेर सोध्यो—'वास्तव कर्म के हो ?'

उनीहरूले पनि त्यस्तै जवाफ दिए—तिमी त जान्दैनौ, हामी त तिमीले तुनेका गन्थन त हौं ?, के जानौं—कर्म यही हो भनेर। हामी त जड अक्षर न हौं ? चेतन र वाक् त तिमीसंगै छ, यति पनि तिम्रै उन्मादले बोलेको पो त !

× × ×

जब मानव निराश भएर अन्धकारमा सुतिरहेको थियो दयावती उषाले प्राचीको स्वर्णद्वार खोलिन् र उज्यालो कर-संकेत दिंदै उसलाई भनिन्—'मानव! वास्तव कर्म के हो प्रकृतिसंग सोध।'

मानवले पृथ्वीसंग सोध्यो—'वास्तव कर्म के हो ?

उनले भनिन्—'सेवा'

त्यस्तै अप्, तेज, वायु, आकाशसंग पनि मानवले सोध्यो —'वास्तव कर्म के हो ?'

ती सबैले पनि एकै स्वरमा भने-सेवा। अनि मानवले पत्ता पायो, यो संकीर्ण, संदिग्ध विश्वसमस्यामा वास्तव कर्म के रहेछ।

खेल

खोरको सिक्री खोलिदिएर बिहारीलाल निस्के पटाङ्गिनी·मा। लागे पछिपछि सयौं कुकुरहरू कोही लण्डनका पास कोही जर्मनीका! 'इँ इँ, यूँ यूँ' क्या मालिकको मन बहाल पार्ने छ—मसिनो स्वर! ढाडको कर्काइ-मर्काइ, पुच्छरको वर्काइ·फर्काइ, फेरि इँ इँ, यूँ यूँ' को दैन्य-कला!

नजीकमा छ ठूलो पोखरी। मालिकको इशारा आँखामा चम्कन पाएको थिएन, हाम्फाले पानीमा भवाम्म! चुलुम्म के डुबिसकेका मात्र थिए आवाज आयो—हन्टर! ओठको आवाजमा सुइ सुइ!........।

आए कुकुरहरू विभिन्न अभिनयमा, ल्याफल्याफती भिजेर। फेरि मालिकले तिनमा एउटालाई निर्देश गरेर भने—'पक्री पक्री!'

चल्यो मालिकको इशाराले आफूआफूमा धरपकड। घाँटी समातासमात, एक टुक्रा रोटीको लोभमा। चल्यो पक्रिनेहरूमा कङ्ल्याङ् कुङ्लुङ्, कतिको त प्राणकै सौगात भयो मालिकको दैवी आज्ञामा, दैवी लीलामा। फेरि एकै छिनमा भाग्यनिर्माताको खुश बदलियो। भने—'आ, आ ला, छोडिदे।'

बस, फेरि सामेल मालिकको पाउमा। फेरि उही दैन्यको अभिनय-नृत्य। कर्काइ-मर्काइ, वर्काइ·फर्काइ जीउको, साथै पुच्छरको।

मालिकले स्याबासी दिंदै भने—'ईमान्दार छ, दाजु भन्दैन बाबु भन्दैन ! लौ फेरि बस् ! उठ् !, हो....' लौ फेरि पक्री.... छोड्....

हो....। एउटाको के अलिकति बेचाल मात्र भएको थियो, पऱ्यो मालिकको हात सोझै गर्धनमा, छातीमा बूटको ड्याम्म, करायो उ काइँ क्वाइँ प्रभो ! बिराएँ'। फेरि माफीमा के छुटेको थियो—जुत्ता सुँघ्दै, आङ कर्क्याउँदै पुच्छर हल्लाउँदै देखायो उसले कति कुशलतासँग सेवाको अभिनय !

अनि एक अग्लो ठाउँमा बसेर मालिकले भाँचे रोटी कैयौं टुक्रा पारेर। त्यो छरियो पटाङ्गिनीमा। हारालूछ भयो त्यो पाउँदा कुकुरहरूको स्वर्गकै राज्य भेटेझैं। त्यति पाएर भाक जिस्क्याएपछि मालिकको एक इशारामा ती सब बसे नाच्तै पुच्छर हल्लाउँदै आफ्नो खोरमा।

ती पसेपछि बिहारीलालले आफ्नो मनसंग भने—'तँ जे भन, मेरो दिन अझै बाँकी छ !'

परत्र

ढोंगको त्यागले के भने छ कुन्नि, मर्त्यले आज निराहार गरेर चौपट छ ! उसको त्यो भ्रान्त दीन हीन स्थिति देखेर भोगले भन्यो—'मर्त्य ! यो सुख, यो स्वाद नलत्या। अनासक्त भोग र प्रबुद्ध त्याग दुवै सत्यका वरदान हुन् ! सुषुप्तिभन्दा परको स्वर्ण सन्देश यही छ।'

पूर्वको द्वारमा उषाको मधुर-धवल मुस्कान के उठ्न मात्र लागेको थियो, फेरि बादल लाग्यो।

प्रवृत्तिले स्वयं झस्किएर भन्यो–'मर्त्य ! नत्र तेरो गति के ?'

मर्त्यले आफ्नो सैद्धान्तिक मुद्रामा भन्यो—'परत्र'। यो त सब भ्रम हो। सर्वस्व लुट्न डाँकाहरू यसमा मेरो ममता छैन।'

त्यागले अदृश्य भएर मर्त्यलाई भन्यो—'यो प्रलोभन तेरो जाँच हो, आफ्नो सिद्धान्तमा आफूलाई रमा। नत्र होशियार !' फेरि मर्त्यले भोगलाई कडकिएर भन्यो—'यी मन्दिर, यी अनुशासन सब झूटा हुन् त !'

भोगले भन्यो—हे असक्त साधु ! ती झूटा किन हुन्थे, तैले बनाइस्, त्यसैमा तेरो अत्याचार छ। हे आत्मघाती ! तेरो अब गति के ?'

मर्त्यले आफ्तो कमजोरी जबर्दस्ती निलेर भन्यो-'परत्र।'

× × ×

जीवनको त्यत्रो लम्बे बाटो—कति मार चोरी र डकैतीको,

कति लात्ती हेलाको कति प्रहार निन्दाको, सब सबेरै मर्त्य ढुकढुकी लिएर त्यही कालो वेदीमा पुग्यो, जहाँ कालको प्रलयंकर प्राणिमेध चलिरहन्थ्यो। जहाँ होमिएपछि बाँकी केही हुँदैन। जसको नाम शून्यता थियो।

'प्रतिकारको बदला त्याग ! युद्धको बदला शान्ति ! आयो आत्महत्यारो, पक्री !'—भयंकर शून्यता स्वयं पड्केर बोल्यो।

मर्त्य थर्र काँप्यो। उसलाई अनन्त आकाशको उचाइबाट गिरेको भान हुन्थ्यो। सुदूर अज्ञात दिशाबाट स्मृतिको शब्दमा उही परिचित शब्द मानो हँसी गर्दै आयो—हे असक्त साधु ! हे आत्मघाती ! तेरो अब गति के ?'

मर्त्यले जीवनपार चारैतिर शून्यतालाई छाम्यो। आखिर फेला पऱ्यो--त्यही स्मृति, जसमा तत्वहीन त्यागको नशाले छुटेका विभिन्न भोग्यवस्तु टाँसिएका थिए र गिज्याइरहेका थिए आफ्नो नामर्दीलाई।

धेरै वेदना, धेरै पश्चात्तापपछि मर्त्यले घना अन्धकारमा कहालिएर भन्यो--हे भगवान् ! साँच्चै अब मेरो गति के ?'

त्यो सुन्दा सुदूर शून्य देशबाट खालि एउटै खित्का भरिएको आवाज आयो—'परत्र।'

हौहौ

मर्त्यको गतिविधि बुझ्न स्वर्गबाट एउटा दूत आएको थियो। त्यो के बुझेर फर्कियो।

× × ×

स्वर्गको द्वारभित्र दूत के पसेको मात्र थियो, भित्रबाट हाँसेका खित्का आयो—'खूब छ भन्थिस्, के रहेछ ?'

थुइक...., यस्तो जानेको भए........'—दूतले भन्यो।

'भन् न भन्, कस्तो रहेछ ?' कति भाषा, कति जात र कति धर्मका त्यहाँ मान्छे हुँदा रहेछन् रे ?'

यो प्रश्नका साथै यति लामो खित्का चल्यो कि नन्दनका सारा मृग पंछी टोलाए।

'जानिहालेका रहेछौ नि।'

'भन् न भन्, मर्त्य मोहरले कि केले किनिन्छ रे ?'

फेरि उही प्रश्न पनि सकिएको थिएन, अर्को हाँसो चल्यो—'खित्, खित्'

सबै पेट मिचिरहेछन्, बेहोश छन्,—हाँसोमा !

एक थरीले भने—'हा···, ज्यादा हाँसियो। जन्मँदै चोखिने र बिटुलिने त्यो पागलखानाको कुरै छोडौं।'

कौतुकपूर्ण स्वरमा अर्को थरीले भने—'कहिले हुन्थ्यो ए! भनन भन, त्यहाँ बिभाग बिभागमा प्रधान अध्यक्षचाहिं को हुन्छ रे ?

प्रश्नको साथै खित्का चलिसकेको छ, त्यो थामिएको मात्र थियो जवाफ आयो—'राजाका सालाहरू।'

झन दोबरको चौबर खित्का चल्यो, सब हाँस्ता हाँस्ता विह्वल भए। यत्तिकैमा दूतले आश्चर्यमुद्रामा भन्यो—बाहुन हुनेले धोती घुसारेर सुर्के टीको लाउनुपर्दो रहेछ।'

के यति मात्र भनिसकेको थियो, फेरि यस्तो जोरशोरको खित्का चल्यो कि नगीचै स्वर्गङ्गाले त्यसरी सुसाएको पनि कसैले सुनेन। स्वर्ग बहिरो भयो।

'अँ, लोकसुधार गर्न कसको मात्र अधिकार हुन्छ रे?' प्रश्नको साथै चल्यो फेरि खित्, खित्। वायुको गति पनि गम्भीर भयो, मानो साराको खित्काले जित्दा।

'शासक भनाउँदाहरूको मात्र'—जवाफ आउन बेर, न उताबाट खित्का चल्न बेर!

'अँ त्यहाँ ज्ञान गुनका कुरा कसले मात्र पढ्न पाउने रे? त्यहाँको को ज्यामी, को को मालिक रे?' प्रश्नका साथै फेरि चल्यो खित.... खित... जाने बुझेका कुराको को खोजिरहन्छ जवाफ!

पछिबाट दूतले भन्यो—उसै त कुन चौटो मर्त्यस्थल, त्यसमा पनि कति साँध, कति बाँध, कति राष्ट्र, कति प्रान्त, कति जिल्ला, कति गाउँ, कति त्यहाँका चूसाहा, कति आशामुखी, कति निमुखा! बाबा! साँच्चै चिमुसी च्यार्र रहेछ।'

यति उसले भनिसक्न पाएको छैन, चल्यो फेरि खित्का।

अन्त्यमा फेरि दूतले भन्यो—हाम्रो यहाँ कुनै दिन कसैलाई कठोर कारादण्ड दिनुपरे त्यहाँ मात्रै पठाए पुग्दो रहेछ, त्यत्ति बेर बस्तैमा क्या निसास्सिएँ बाबा ?'

अर्कोले खित्काभरी स्वरमा भन्यो—त्यहाँको संकीर्ण संकुचित त्यो महारोग यहाँ पनि सर्‍यो भने नि !'

चल्यो फेरि सबमा—हाहा—हीही—खित् खित्

जाँच

लीला न हो! स्वयं पशुपतिनाथले नै नेपालका अड्डा अदालत संस्थाहरूको जाँच गर्ने कुरा थियो। वनकालीमा केही संस्थाका कर्मचारीहरूको सम्मेलन थियो। त्यो दिन ठाना, जेल, न्यायालय, उद्योगपरिषद्, शिक्षाविभाग, इत्यादिको जाँच थियो।

पशुपतिनाथ त अन्तर्यामी, उनीसंग कसको गुणदोष छिप्न सक्थ्यो, यो सबैलाई थाह थियो। यसैले सबको कलेजा फडफडाएको थियो। ओठमुख सुकेको थियो। आज्ञा भयो- 'लौ संस्था संस्था छुट्टिएर लहर बस, त्यसमा पनि अध्यक्ष अध्यक्ष, कारिन्दा कारिन्दा।'

संस्था संस्था अलग छन्। पहिलो लहर अध्यक्षहरूको बस्यो, दोस्रो कारिन्दाको। पशुपतिनाथको दृष्टि पहिले अध्यक्ष-कै लहरमा पर्‍यो। अध्यक्षहरू भय र शंकामा चुर्लुम्म थिए। निस्सास्सिएका थिए। पशुपतिनाथले गम्भीर स्वरमा भने-चाकडीले हाकिम भएका कति, योग्यताले भएका कति हात उठाओ !"

यिनको अगाडि ढाँट्न कसको मजाल थियो? उठे हात, सयकडा सन्तान्नब्बे चाकडीका, तीन योग्यताका। योग्यता-बाट भएका जति अदालतमा पर्दा रहेछन, जाल फिजाउन सक्नु पनि त योग्यता मानिएको छ !

पशुपतिनाथको दृष्टि दोस्रो कारिन्दालहरमा पर्‍यो। त्यहाँ पनि पूर्ववत् हात उठाउने आदेश भयो। त्यहाँ हजारकडा पाँच चाकडीका हात उठे, जो छिटै हाकिमीको लागि आश्वासन प्राप्त पनि थिए। नौ सय पञ्चान्नब्बे योग्यता र परिश्रमका नसे हात उठे, जो जीवनभर दलन र शोषणका काला पञ्जाबाट नउम्कने थिए, आधापेट हाजिर भएका थिए र नैराश्यका करुण प्रतीक थिए।

यो सब बुझेपछि संस्थाहरूलाई पशुपतिबाट आदेश भयो-'तिमीहरू आफआफ्नो कामको बयान देओ, कसले लोकसेवा गरेको रहेछ !'

पहिले ठाना र जेलले भने—'लोकसेवाको कुरा हामीलाई थाह छैन। हामी त ती अपराधीहरूको देखरेख र नियन्त्रण गर्छौं, जसलाई शासकहरू आफ्नो गाथगादीमा र अनन्त संपत्तिमा आँखा गाड्ने संझन्छन्। कारण—त्यसैका लागि हामी नियुक्त छौं।'

न्यायालय—मकहाँ त्यस्तो न्याय हुन्छ, जसबाट शासकहरूको आम्दानी बढोस्, धनीहरूको मुद्दामामिला सपारिदिएर आफ्ना कर्मचारीहरूको दिनचर्या राम्रो चलोस्, शासक र धनीहरूको इज्जतमा कतै धक्का नलागोस्। लोकसेवाको कुरा मलाई थाहा छैन। कारण, त्यत्तिकै लागि म नियुक्त छु।'

उद्योगपरिषद्—म कतै उद्योगको प्रचारको निति छैन, नियन्त्रणकै लागि खडा भएको छु। पहिलो देशमा उद्योग-

धन्धै नउठोस्, उठे पनि धनो, वास्तव शासकहरूको हातमा बाहेक उद्योगको ताला अरूको हातमा नपरोस्। मेरो काम यही छ। यत्तिको लागि मेरो नियुक्ति छ।'

शिक्षाविभाग—'म आफ्नो कार्यमा उत्तरोत्तर असफल छु तापनि मेरो निर्धारित कार्य यो हो—'छात्रहरूलाई नैतिक सामाजिक प्रगतिबाट तर्काएर भोगविलास श‍ृङ्गार आदि-तिर मोडिदिने र हृदयमा कमजोरी, अवसरवाद, र राज-भक्तिको छाप मारिदिने। जसमा कि—कलेजबाट निस्केको छात्र नोकरीको धुनमा जन्मसिद्ध शासकहरूको ढोका ढोकामा कुकुर झैं रिङोस्, नकि कुनै प्रजापरिद्मा भाग लियोस्।

ती सबको निरीक्षण र बयान सकिपछि पशुपतिनाथले भने—'आजसम्मको थितिमा यहाँ सत्य र न्यायको कुनै प्रतिष्टा रहेनछ। भैगो, भोलिदेखि नेपालको निंति म अर्कै विधान बनाउनेछु। दलित शोषितहो, अपशोच नगर!'

भगवान्को त्यो वचन सुनेर आम जनता औताइरहेको छ। देवताको दिन बितेर कहिले भोलि हुन्छ!

●

सभा

सत्यले खाद्यसभा खोले। त्यसमा पहिलो प्रस्तावखाद्यहरूको उपयोगिता र मनोयोग विचार गर्ने, दोस्रो खाद्यहरूमा सर्वश्रेष्ठलाई मानवसमाजद्वारा राजा चुन्ने।

पहिलो प्रस्तावमा सत्यले भने—'विश्वका प्राण खाद्य हो। तिमीहरूको लोकसेवादेखि म प्रसन्न छु, केही व्यक्तिगत मन्तव्य छ भने, भन।'

तिनमा लसुन र प्याजले भने—'अखाद्य भनेर कुनै कुनै मानव हाम्रो मिथ्या प्रचार गर्छन्।'

सत्यले मानवतिर हेरेर भने—खाद्यहरूमा उपयोगिताको फरक र विभिन्न गुण दोष अवश्य छन्। त्यो राम्रो पारख गरेर आफ्नो वृत्तिसुहाउँदो अमल गर्न नगर्न मानवलाई अधिकार छ, कसैको निन्दा या गाली गोप्ता गर्ने अधिकार त छैन। किन कि यी सबमा विश्वको विभिन्न उपयोगिता समान छ, यसैले मेरो ममता पनि। मानव! यो ख्याल गर।'

अनि रक्सीले अगाडि सरेर भन्यो—'मलाई धेरै निन्दा गर्छन् त्यसमा पनि बाहुनहरू त छोए पनि जात जान्छ भन्छन। मैले त मर्त्य छोड्‌न पाए हुन्थ्यो।

सत्यले भने—जति तिम्रो निन्दा छ, त्यसको चौबर प्रचार पनि त छ! त्यसमा पीर नगर। बाहुन र अरू भन्ने त त्यति महत्वको कुरै हैन, जानिहाल्छौ। अए पनि विश्वसमस्यामा

अल्प प्रादेशिक अगण्य उपाधिधारीमाथि के आरोप। तर तिम्रो अमलले मनुष्य मात्रकै जात (सत्व) जान्छ, यो अवश्य हो। तर के गर्नु, विश्वस्थिति राम्रो नमिलुञ्जेल शोषित, दलित, अप्रबुद्ध, शासितहरूको घरमा तिमीले केही दिन बस्नै परेको छ। नत्र बिचराहरू मात्राभन्दा बढ्ता वेदना-को शिकार बन्नेछन्—मस्तिष्कको निर्मलतामा घृणित विश्व स्थितिको कालो नग्न दृश्य प्रतिबिम्बित हुँदा। जीवहिंसा गरेर तातै रगत पिउने मानवमा पनि भक्ष्य र अभक्ष्यको यत्रो विवेकलीला ? छोडिदेउ त्यो।

अनि चामलले भन्यो—'मलाई जूठो भन्छन, बार्छन।'

सत्य—सुनेको छु त्यो कुरा, उही धानको सग्लो चामल पाकेपछि जूठो र बार्नुपर्ने। उही धानको च्युरा पाकेको किन नहोस् जूठो नहुने, बार्नु नपर्ने। त्यही भात भुट्न हाले झ्याँको, भटारे हुन्छ। त्यो बार्नु नपर्ने। यो पनि सब एकदेशीहरूको मस्तिष्कको विक्षेप—लीला हो। आँखा चिम्ल।'

× × ×

दोस्रो प्रस्ताव उठ्यो—'खाद्यहरूमा को राजा चुन्ने ?

त्यो सुन्दा समाजका गण्य मान्य भनाउँदा (मार्सी, मसिना चामल, रहरको दाल, मूँगको छाँटा, मासु, दूध, घ्यू, अनार, मोसम, आँप, अङ्गूर, नरिवल, मिश्री, इत्यादि) विभिन्न खाद्यहरूको परस्पर स्पर्धा चल्न लाग्यो। सब सत्यको अगाडि आफ्नाआफ्नो गुण र योग्यताको बिगुल फुक्न थाले। आखिर-

मा मनुष्य मात्रालाई उद्देश्य गरेर सत्यले भने—यिनीहरू आफ्नो गुणको बयान किन नगरून्! तर सबभन्दा विश्व-सेवा जसबाट भएको बुझिन्छ, त्यही राजा हुन्छ। मानवहो! भन—को ज्यादा विश्वभक्त छ?'

मानवहरूमा प्रतिलाख उनान्सय हजार, नौ सय पचासले एकै स्वरमा भने—'कोदो, कोदो, कोदो! कोदो नै हाम्रो प्राण हो, जीवन हो! त्यसैले सास अडेको छ।'

बाँकी पचासले नाक खुंच्याएर भने—यो कस्तो चुनाव हो?'

अनि सत्यले कोदोलाई बोलाएर भने—'लौ तिमी नै राजा चुनियौ, ओहदा राम्रोसंग थाम।'

कोदोले अलि नामंजूरीको भावमा भने-म राजा त चुनिएँ, तर कदरले गर्दा शेपको शेपै, भकारीको भकारीमै भएँ भने यो विश्वदरिद्र समाजको के हालत होला नि, ठूलो ओहदा नै लोकसेवा हो र!

●

भित्ता

फूलचोकमा पूर्व पश्चिम गएको एउटा ठूलो सडक थियो, त्यसको दायाँपट्टि एउटा ठूलो दरबार र बायाँपट्टि एउटा सानो पाटी। त्यो दरबार हो—उदरसिंह महाराजको। एकपटक उनले आफ्नो निति निकै रजगज गरेका थिए। कति दुनियाँको भाग्यसूत्र त उनैको हातमा थियो! सधैं त्यो चूनको पाउडर, त्यो रंग रोगनको शृंगार, त्यो अविरल मधुर संगीतको रमझम। आकाशचुम्बी त्यो दरबार अरू साधारण घरहरूलाई होचा र निदाउरा देखेर हाँसिरहन्थ्यो, गर्वको पारावार थिएन। बगलको त्यो पाटीलाई त कहिल्यै टेढो आँखाले पनि हेर्दैनथ्यो, बोल्नु त परै जाओस्। किनकि उसले संझिएको थियो—'जो पायो उसंग बोल्नु इज्जतमा बट्टा लाउनु हो, बड़े घरका बडा चाला।

उसको लेखा बिचरा त्यो दीन हीन सानो पाटीको त भाउ पो के थियो! यसमा न चून थियो, न रंग रोगन, न गान बजानको समारोह! न त यसमा कुनै इज्जतदार धनकुवेरहरूको प्रवेश नै थियो। त्यसो हो तापनि उसमा लेशमात्र पनि खेद थिएन। किनकि उ दिनभर ग्रीष्मतप्त र वर्षापीडित आत्माहरूको सेवा गर्थ्यो, रातभर निराश्रय दीन हीन ती आत्माहरूको जो यत्र तत्र पदपदमा धनगर्वित द्रव्यपिशाचहरूको लात खाएर शरण माग्न आउँथे, जो युग युगान्त सामाजिक अत्याचारको

सजीव परिणाम थिए। तिनको सेवाबाटै उसले अनन्त आत्म
सुख प्राप्त गरेको थियो। आफ्नो तपस्वी जीवनसंग नै उ परम
सन्तुष्ट थियो।

× × ×

संसार त परिवर्तनको खेल न हो ! दिन रातमा परिणत
भयो, रात दिनमा। राजा उदरसिंह कालको नियमित इशा-
रामा कहाँ पुगे, साथै उनको त्यो शानशौकत त्यो, धन दौलत,
ती आश्रित परिवार ! केही कालपछि त्यो दरबारमा झयाउ
उम्रेको देखिन्थ्यो, शून्यताको नीरव क्रन्दन सुनिन्थ्यो। उसमा
अब अघिको जस्तो चून थिएन, रंग रोगन थिएन, गान बजान
थिएन, न वा शान शौकतदारको त्यहाँ प्रवेश नै थियो, न वा
अब कृत्रिम सौन्दर्यका बोझ सुन्दरीहरू नै झयालमा पर्दा राखेर
मिही चालले सडकका युवकहरूको पारख गर्थ, जसबाट दर-
बारमा गर्वको पारा चढ्थ्यो ! अब त्यहाँ खालि डुहुरे
मूसाको नाचखेल चल्थ्यो, उनीहरूकै वंश विकासको साम्राज्य
हाँस्थ्यो। अनन्त भीषण आँधी र वर्षामा उसलाई आज
आदर गर्ने कोही थिएन। अघिको त्यस्तो दरबार आज भूइँ
पाताल भएर एक करुण दृश्य बनिरहेको थियो। सानो परि-
वर्तनले नै उसलाई कुनै गर्वप्रतिशोध गरिरहेको थियो !

उता पाटीको त्यो विश्वसेवाव्रत अखण्ड निर्विघ्न चलि-
रहेकै थियो। सेवाप्रभावित जनताहरूको सहयोग नै उसंग

हिन्द राजदूत—'बहुत अच्छा प्रबन्ध है।'

सरकार! अन्याय भएको बोल्न पाउँ, सरकार! अरू देश-सरह अधिकार हामीले पाउनैपर्छ—अर्को चीत्कार आयो।

महाराजले पश्चिमपट्टिको भयाल ठ्याम्म बन्द गरेर भने—'लेकिन यहाँ एक शोककी बात यह है कि जनता बहुत भोली-भाली है, साथ साथ हर विषय में दैवी सिद्धान्तको ही अपनानेवाली है। अतः यिनका भावपरिवर्तन करके उत्तरदायी शासन के लिए योग्य बनाना ही अभी मेरा राष्ट्रिय लक्ष्य हो रहा है। उत्तरदायी शासन माँगने वाले तो यहाँ बहुतेरे हैं, लेकिन वे सब हैं—घूसखोर, डाँकूओं के सर्दार। जो पहले ही राष्ट्रकी ओर से कलंकित हो चुके हैं। यिनके मिथ्याप्रचार से प्रजाको बचाना भी अभी राष्ट्रका एक सवाल बन बैठा है। आशा है—आप लोगों की कृपासे यह सवाल भी जल्द निपट जायगा।'

हिन्द राजदूत—'अगर ऐसा हो तो आप अच्छा विचार करेंगे। भगवान आपको सफलता दें। दुनियाँ धोखेमें न पड़जाय।

फेरि अर्को आर्त चीत्कार सुनियो—'सरकार! सात सय घरको गाउँ छ। त्यहाँ न बाटो छ, न धारा, न औषधालय। न क का कि की सम्मकै पाठशाला। सरकारबाट सधैं नै यस्तै सुनाइ हुँदैन भने कहाँ जाऔं सरकार।'

महाराजले फेरि उत्तरतिरको ढोका ठ्याम्म लगाएर गोरखापत्र देखाउँदै भने—'शहर से बाहर बाहर के दूर दूर के,

मुख्यतः गाँववालों के लिए यह पत्र निकलवा दिया है। प्रत्येक व्यक्ति अपना दुःख दर्द और मन्तव्य जो हो, इसमें छपा सकता है। इसी द्वारा सुनवाई होती है।

हिन्द राजदूत—यह भी बड़ा महत्वपूर्ण प्रबन्ध है।

× × ×

बैठक उठ्यो। इशारा भयो—आठ पहरियाहरूले तलका दीन हीन आर्त चीत्कारीहरूको थाप्लोमा डण्डा बजारेर हटाए। अनि शौकतदार जन्मसिद्ध जर्नेल, कर्णेल, आदि भाइ-भारादार, जन्मसिद्ध विद्वान् गुरु, पुरोहित, आदि, सेवा लब्ध-पदक सुब्बा, सरदार, आदि गण्य मान्यहरूको दायाँ बायाँ घेरामा राजदूत तल ओह्रालिए—त्यो पनि एक न एक प्रश्नमा भुलाएर। कारण दायाँ बायाँका दलित शोषितहरूतिर कतै दृष्टि नपुगोस्! आत चीत्कार नसुनियोस्! नेपालको नग्न दृश्य नखुलोस्! पोटीमा मोटर तयार छ, राजदूत रासमा बस्न बेर न, ड्राइभरले चलाउन बेर! ड्राइभर पनि उस्तै आशय-सेवक न थियो।

चल्यो अनि मोटर नयाँ सडकतिर, जहाँ मुट्ठीभर धनीका हवेलीले नेपालको युग युगदेखिको दलन शोषणको पर्दा राख्थे। चल्यो अनि फेरि मोटर बालाज्यू महाराजगञ्जतिर, जहाँ रानी-बनको हरियाली र अरू प्राकृतिक सौन्दर्यहरूको दर्शाइने नेपालको दीन हीन वस्तुस्थिति छोप्ने मौका दिन्थ्यो!

●

झझल्को

अनन्त ब्रह्माण्डको इतिहास को जानिसक्छ, के यो अभागी ब्रह्माण्डमा अनन्त सहस्राब्दीअघि पनि अशान्त, संकीर्ण, भेदग्रस्त यस्तै स्थितिको विशाल क्षेत्र रहेछ ? नत्र अवसरदर्शी विष्णुले त्यो दैवी राज्यको कसरी बीज प्रक्षेप गर्थे ? आफैं त उनी महाराज बनेका थिए ! उनी आफू बस्थे नै अगम्य दुस्तर समुद्रमा, अनन्त क्रूर ग्राह-कच्छपहरूको पहरामा, गाथ गादीको रक्षाको लागि कतैबाट आफूमाथि कुनै विस्फोट नपरोस् !

कूटवादका आचार्य विष्णुमात्र हैन, ब्रह्मा र रुद्र पनि थिए। समकक्ष कूटवादी यिनीहरूमा परस्पर-आशंका यति थियो ? कतै एउटाले अर्कोलाई नउखाडिदेओस् ! यसैले त परस्परको अभेदवादलाई नै उनीहरूले आपना कूटनीति शास्त्रको अग्र भूमिका बनाएका थिए। जे होस, मलाई यही झझल्को छ।

× ÷ ×

यत्रो ब्रह्माण्डमाथि सवार हुनु छ। दृष्ट भोग्य सम्पत्तिको समविभाजन गरौं ? संसार किन भोकाउँछ, किन ढोग्छ, र आफ्नो स्वामित्व पटूछ ! यसैले विष्णुले भने—हाम्रो जगत् संचालन पारमार्थिक हो। दृष्ट जगत् झूटो हो, यसमा लोभ नगर। खबरदार ! गऱ्यौ भने। हेर, परत्रमा कत्रा कत्रा नरक

छन् जस्को बाटैमा असिपत्र वन छ जहाँका पातै तरवार जस्ता धारिला छन्। रौरव, तामिस्र, अन्ध तामिस्र आदि नरकको बयान त कसको कान फलामको छ र सुनोस्!

यी सब धार्मिक इस्तिहार सुनाउँथे जगत्लाई—'मातृवत् परदारेषु' इत्यादि। तर यिनीहरूको मिथ्या आडम्बर कहिले कहीं त फुटि पनि हाल्थ्यो। शिवजी एउटी तरुण महिला (मोहनी) को अनुहार हेर्दै आफ्नो चरित्रको परिचय दिन्थे। ब्रह्माजी आफ्नी छोरी सरस्वतीमाथि मन थाम्न नसकेर।

भलै संसारको आँखा त परत्रको शून्य कोठरीतिर नतर्कि-जाओस्! यसैले एकतिर समाधिको प्रचार हुन लाग्यो, अनि त चिम्ले विश्वप्रजामा धेरै संख्याले आफ्नो आँखा; आत्मिक भित्री तथ्यको अन्वेषणमा! बस, अबत खतम, सारा संसार हाम! कसको? मुट्ठीभर कूटवादीहरूको। अध्यात्मको प्रचार पनि अर्कै षड्यन्त्रप्रणालीको थियो। फलेच्छा बेगरको कर्म गर्न त दैवी ऐनले नथ्याइछोड्थ्यो, 'कर्मण्येवाधिकारस्ते मा फलेषु कदाचन।' बस, अब निराहारी भक्त तपस्वी मजदूरको के खट्ट! जे होस् मलाई यही झझल्को छ!

× × ×

विकाशशील दुनियाँमा तर्कशील कुनै बुज्रुकहरू कतै भण्डा-फोड नगरुन् आफ्नो नीतिको! त्यस्ताको मुख बुजो त गर्नै पर्‍यो। यसैले प्रकृतिबाटै स्वयं बग्ने र वर्षने पानीमाथि इन्द्र महाराजको अध्यक्षता प्राप्त भयो, चेतनशक्तिमाथि सरस्वती

को, त्यस्तै अरू अरू। यही त हो कूटनीतिको संरक्षण-कला! अझ कतैबाट यो जाल नछिनोस्, आफ्नो स्वामित्व सिद्धान्तको प्रचार हुन लाग्यो—आए घूसखोर व्यास, मार्कण्डेय, आदि वेद, पुराण आदिका व्याख्याता र निर्माता बनेर। कहाँ जालिस मछुडी? मेरै ढडिया! मिथ्याप्रचारको जालमा जनताचरी यसरी गुटमुटियो! यही त संसारको करुण आकस्मिक दुर्घटना र रोमाञ्चकारी इतिहास हो।

विष्णु भन्छन्—'शिवजी सर्वशक्तिमान्, अमेय, अज्ञेय, अपार ढोग।'

शिवजी भन्छन्—'विष्णु सर्वशक्तिमान्, अमेय, अज्ञेय, अपार ढोग।' उस्तै ब्रह्मा भन्छन्। उसले उसको तारीफ, उसले उसको—'परस्परं प्रशंसन्ति अहोरूपमहोध्वनि।'

ज्ञानवञ्चित, युगयुगदलित, यो विश्वजनताले निकै सहस्राब्दीदेखि हो, यो निस्तत्व नियन्त्रणको कटुअनुभवमा बलात् बाध्य हुनुपरेको!

भक्तिमार्ग यानी नोकरशाहीको प्रचार पनि यति जोरजुलुमसित भयो कि—नेताहरू लक्ष्यमा पूरा सफल थिए। भाग्यवाद नै यिनीहरूको एक अमोघ लक्ष्यभेदी प्रचार हो, जो उनीहरूको प्रत्यक्ष पक्षपाती नीतिको बलियो ढाल थियो—पुरा सेवकले खान पायो किन? भाग्यले। अरू आफ्नै पेटको आगाले जले किन? अभाग्यले।

युगको प्रवाह, विश्वजनता प्रकृतिबाटै यत्किञ्चित् तत्व बुझ्दै आएको थियो। यसैले अनन्त युगपछि विष्णुले निराश भएर भविष्यवाणी गरे—'संचालक, र संसारीहो! अब यो हाम्रो धार्मिक शासन धेरै दिन रहनेछैन। किन कि कलियुगी प्रभाव, मानवहरू असत् चिन्ता र असत् कार्यमा अगाडि बढ्नेछन्।

यही भविष्यवाणी संझेर होला प्रकृति अझै पनि दिन रात हाँसिरहन्छिन्—चन्द्र र सूर्यको खित्काले। जे होस्, मलाई यही झझल्को छ।

तत्व

बत्तीस वर्षको उमेर, श्यामुको भित्री खोप, पीर, अशान्ति सब संगसंगै चिताले खायो, अब उसंग यो लोकको नाता छैन। कल्पित देह र नाम लिएर उड्यो उ अज्ञात देशतिर। बाटो देखाए उसलाई कल्पनाका धर्सिगरे भूसतिप्रे भयंकर मूर्तिहरूले। ऊ पुग्यो स्वप्न जगत्‌को शून्य जादूघरमा जहाँ कल्पनाहरू आकार, वेष, भाषा, न्यायमा मर्त्यको उतारु गर्थे, बेढब बेढबसंग। जुन लोकलाई त्यो भूतात्मा यमलोक संझन्थ्यो, जहाँका राजा यम, मन्त्री चित्रगुप्त। त्यहाँका काल्पनिक सचेष्ट भयंकर विकृत मनुष्याकारहरू यसलाई मनुवा भनेर हाँस्थे।

× × ×

कल्पनाको फिल्मी प्रदर्शन ! चित्रगुप्तको अफिसमा पल्टियो अनि जाँचियो बही कर्मको। बाह्रवर्षको कठोर रौरव दण्डको तोक पायो मनुवाले। आत्महत्याको अपराधमा।

घिच्याए काला षण्ड मुसण्डहरूले रौरवतिर मनुवालाई। निष्ठुरतापूर्ण खित्काले कलेजो चिर्दै। तर अर्को लोकस्पर्शले नै मानवमा सच्चा सत्याग्रहको चेतना मानो जागृत भैसकेको थियो। उसले विरोध प्रदर्शन गर्‍यो–निश्चित सजायँको बारे। त्यो यो हो—'म खास बत्तीस वर्षको उमेरमा आफ्नै कालले मरेको हुँ। आत्महत्या गरेको छैन। त्यो अभियोग र त्यो सजाय गैरकानूनी हो, मेरो अपील सुनिन्छ ?

× × ×

चित्रगुप्तको इशारामा एक कर्मचारीले गंभीर मुद्रामा भन्यो—'अपील गर्नु तिम्रो अधिकारभित्रकै कुरा हो। यो अनुत्तरदायी निरंकुश शासन हैन। गर, तिम्रो अपील के छ?'

'म आफ्नै कालमा मरेको, आत्महत्याको, झूटो अभियोग नलागोस्।'

'आफ्नो काल भनेको के? १२५ को आयु त मानवको छँदै थियो, बीच ३२ मा किन मर्‍यौ?'

'रोगले।'

'त्यो रोग किन लाग्यो? त्यसबाट मर्नमा तिम्रो अघि नै मंजूरी थियो?'

'थिएन।'

'त्यसले किन बलात तिमीलाई पक्रियो त? त्यति छिटै?'

'गरीब कुलको जन्म, सानैदेखि टुटियो, पछि पनि पथ परहेज पुगेन, पक्र्यो।'

'गरीब किन भएको?'

'दैवले नै त्यस्तै पारेको।'

'त्यो अपराधी दैवलाई पक्रन सक्छौ? त्यो कस्तो छ? कहाँ छ?'

'पक्रन पनि सक्तिन, यस्तो र यहाँ छ भन्न पनि सक्तिन?'

'त्यसो भए त्यसै झूटो आरोप गरिरहने त?'

'भैगो, कर्मले गरीब तुल्याएछ, गरीब त भएँ कि?'

'तिमीलाई गरीब बनाउने कर्म तिमीले नै गरेको कि अर्काले त?'

'मैले नै।'

'आफै किन गऱ्यौ त ?'

'आफ्नो पुनसले यस्तै गरायो।'

'उसो भए त्यो पुनसलाई पक्रन सक्छौ त ?

'त्यसो त त्यो कहाँ छ र पक्रने नि।'

'उसो भए कहाँ थियो र तिमीलाई त्यसो गर्न लगायो त ?'

मनुवाले अलि चकित मुद्रामा भन्यो–'उसो भए गर्ने गराउने को त ?'

'गर्ने हात, गराउने हिम्मत।'

'फल दिने को त ?'

'चानस।'

'उसो भए मैले के गर्नुपर्थ्यो त ?'

'खानुपर्थ्यो, पूरा आयु बाँच्नुपर्थ्यो।'

'बलियाले खान दिए पो नि !'

'यही त हो आत्महत्या। लड्नुपर्थ्यो, खोस्नुपर्थ्यो आफ्नो भाग, आफ्नो अधिकार !'

'भैगो मैले सकिनछु। मेरो भागसमेत हसुर्ने ती लुटेरा-हरूलाई केको सजाय हुन्छ नि ?'

'भोगको, ऐश आरामको ?'

'त्यस्तालाई झन् त्यस्तो किन ?'

'उनीहरूको सामर्थ्य छ ?'

'सुधो मलाई झन् केको यो सजाय त ?'

'भीखको, मुर्दापनको, आत्महत्याको ?'

× × ×

अनि मानव झल्याँस्स भयो, सं‌म्भयो उसले गर्भदेखिको आत्मवेदना—आफूलाई गर्भमा लिएर आमा दाउरा काट्न बन गएकी । पसीनाका धारा चुहाउँदै सुकेका साह्रा साह्रा मूढा बंचराले चिरेकी, भित्र आफूलाई असह्य कष्ट औ वेदना भएको ! भोक तिर्खा खपेर सुकेको मुखले टाढा टाढा लगेर दाउरा बेचेकी, त्यसले भित्र आफूलाई असह्य श्रम र जलन भएको ! जन्मनासाथ पनि एउटा झुत्रोमा आफूलाई गुट-मुट्याएर आमा माटो खन्न हिंडेकी, घाम र पानीको निर्बाध झोका खप्नुपरेको ! खोले फाँडो खाउँला मेरो निंति छाती रसाउँला कि भनेर आमा माटोको भारी बेच्न हिंडेकी, त्यसबाट भित्र मर्म खप्नुपरेको ! प्रायः आमाका आँखामा आँसुसिवाय छातीमा थोपो दूध हुँदैनथ्यो, त्यसले आफ्नो कलिलो घाँटी सुकेर प्राणान्त भएको ! भित्र साह्रै वेदना भएको ! पछि पनि हजार नौमत, एक मूठी अन्न र एक घरो वखतकमा पनि आफ्नो हात नभई भीखकै भरोसा गर्नुपरेको, अरूको लात र हेला खप्नुपरेको ! सम्झयो उसले सब आफ्नै कमजोरीले वेदना भोग्नुपरेको । अनि जीउ टुटेको, रोगले गाँजेको पथरा परेको, अकालैमा चिताभित्र जल्नुपरेको !

अनि मानवले त्यो कर्मचारीलाई चेतनापूर्ण स्वरमा भन्यो—'तत्व सम्झें, म आत्महत्यारो नै हुँ। अन्त सर्ला, मेरो नामर्दीलाई यातनाको, भुँग्रोमा खाक परिदेऊ !

●

अन्तरिम सरकार
खडा भएपछि

नाटक

अखबार, रेडियोबाट निश्चित भयो। नेहरूले भने—त्रिभुवन नै कायम !

× × ×

नेपाली कांग्रेस जिन्दाबाद !—सडकमा जनताको संमिलित नारा सुनियो। पार्टीका अर्धजीवित नाङ्गा र भोकाहरूले कौतुकसाथ हेरे, जो धनीहरूको भोजका टपरी बटुलेर भातका सिता एक एक गरेर टिप्तै मुखमा हाल्दै थिए। देख्ता नारा लगाउनेमा बडे बडे साहू महाजन मात्र हैन, राणा परिवारका बडे बडे उपाधिप्राप्त व्यक्तिसमेत कुनै कुनै संमिलित थिए। घूसखोर, ब्याजखोर, नफाखोर जति त जुलूसका संचालक थिए, जो हिजोसम्म कांग्रेसको नाम सुन्दै कान छोप्थे घृणाको दृष्टिले हेर्थे, आरोप गर्थे, कांग्रेसको चुक्ली लाएर आफ्नो दुनु सोझ्याउने मात्र हैन, कांग्रेसको गला रेटाउँथे, ती सबमा (हाँसो लाग्छ) देशभक्तिको बाढ चलेको थियो।

त्यो देख्ता पार्टीकुरुवा भाइहरूलाई हर्षको पारावार भएन—'कांग्रेसले सबैलाई एकसमान सुखी पार्छ भन्थे, हो रहेछ—यति ठूला ठूला त अब यो काममा लागे। हाम्रो निति धन्य यिनीहरूको आत्मसमर्पण ! जाऔं हामी पनि मिलेर नारा लगाऔं !'

× × ×

ती नाङ्गा भोका फेरि बेलुका पाटीमा जम्मा भए। आंगमा धरो छैन। फाटेका बोरा बेरिएका छन्। पुसको स्याँठले मुटु छेडेको छ। दाँत कटकटिएर बोल्न हुँदैन।

तैपनि जेनतेन केको प्रेरणाले हो! बोल्दैछन्—

एक—मैले सुनेको त त्यहाँका सुब्बासाहेबका छोराले केभने भने—कांग्रेसले जग्गा सग्गामा पनि हात हाल्छ भने, मेरो ६० हजारको मौजा छ, त्यो पनि हरिदिन्छ त? मानिन्न त्यसो भए त कांग्रेस सरकारलाई पनि!

अर्को—मैले पनि अरू नै कुरा सुनें, यहाँ कुञ्जी अर्कै रहेछ। कांग्रेससित नलागे अब आफ्नो पूँजी बाँच्तैन भनेर पो यी लागेका रे त! हामीलाई पूँजी बाँड्न होरहेछ र?'

अर्को—"हिजोका त्यस्ता, आज यस्तो नाटक गर्दा!

अर्को—कांग्रेसले यी चमेरालाई किन अँगालेका त नि!'

अर्को—कांग्रेस पनि यिनै मध्येका त छन्!—अमीर, अवसरवादी पूँजीशाह। हामी जस्तालाई अंगाले त उनीहरूलाई पनि त डरै छ!

अर्को—अब यहाँ के हुन्छ त?

अर्को-फिकिदे गाँड, भन्दा थपिदे गाँड हुन्छ अरू के हुन्छ? तीन न तेह, जगै यस्तो छ!'

सबै-(हाँस्छन्) हा....हा....हा...। हेरूँ काम पनि के गर्दा रहेछन्!

वर्तमान

अन्तरिम सरकार खडा भयो। स्वतंत्र सभा संघ खुल्न
थाले। कान्तिपुरमा पूँजीपतिहरूले पनि विभिन्न संस्था—नाट्य-
शालामा आफ्नो आवरण—अभिनय देखाउने मौका पाए।
टोलैपिच्छे संस्था, टोलैपिच्छे नेता! एक गज कपडा रङ्गाएर
झण्डा बनाउन र एउटा किताप सारेर विधान बनाउन उनीहरू
के बेर लाउँथे! त्रिभुवन नेपाल फर्कंदा कान्तिपुरका अवसर-
बादीहरूले खर्चेका झण्डा र बिल्लाका कपडाहरू नेपालका गरीबले
पाएका भए आज तिनीहरूलाई नाङ्गो को भन्न पाउँथ्यो! अस्तु,
त! अहिले जसलाई सोधूँ-तँ कतापट्टि? प्रजापरिषद्। तँ?-
राष्ट्रिय कांग्रेस। तँ? जनवादी प्रजातन्त्र संघ। तँ?- कम्यूनिष्ट।
तँ?-गोर्खादल। तँ—धर्मसंघ, नत्र धर्म उडिजान्छ नि?

× × ×

एक—'भाई, अब जमाना बदलियो।कसैको नोकरी चाकरी
गर्दिन। बरु एउटा संस्था खोल्यो, चन्दाबाट पेशा चलायो,
खाल हो एक दिन बल्झन्छ। कति भने कांग्रेस छ, समाजवाद
त्यो छ संघवाद, साम्यवाद, अराजकतावाद केहो नलागे फेरि
एकतंत्रवादै सही, खोचे थाप्न के छ! बरु २०-२५ हजारको
कुरा त हो नि, प्रेस झिकाएर पत्रिका त प्रचारको लागि निका-
लिहाल्नुपर्छ।

अर्को – त्यति मात्र हैन, जति लाग्छ म पनि त्यसमा छु। हिंडन होटलमै गएर कुरा गरुँ। दुइ चार ओटा रसभरी दूधभरी त खाउँ! घडी हेर कति बज्यो। आज त्रिभुवनलाई परोपकारले अभिनन्दन चढाएको पनि हेर्न जानु छ।'

अर्को– त्यसो हैन। मैले फष्ट क्लासको टिकट बुकिङ्ग गरिसकेको छु। हिंड बरु सिनेमामा। अहहा! नछोड बाबु, नर्गिस आउँछे नर्गिस!

अर्को-'हो त !!'

× × ×

होटलनेर पाटीमा २·४ जना गाउँले जम्मा थिए – छड्के कछाड, अर्धानु बांकटे भोटो, टुपी छेड्ने घेरावाल टोपी! डोकोबाट झिकेर बासी मकै कट्याङ् कट्याङ् टोक्तै ती दुइ शहरिया भाइहरूको कुरा सुनिरहेका थिए। एकासि लामो सास फेरेर आपसमा कुरा गर्न थाले–खै! तीन दिन भो, मकैका ठेट्ना टोकेर थलो कुरेको, नून पाइएन। जहानलाई लाज ढाक्ने बाटो एउटा गुन्यू हेरौं भनेर गाको, छुनै सकिएन, महंगो रछ। अछेता र पिण्डलाई पर सारेको गोडा दुइएक पाथी चामल लिएर आको, नून नलगे अलिनो फाँडोले छोडेन। छुट्टिँदा एउटा फलामे थाल भागाँ परेको थ्यो, खोले पिउन पनि केटाकेटीलाई भाँडो छैन, त्यो लान थाले नून भएन त्यो त नलगी भएन, अरू जे भए पनि, भन्या खै त्यही नपाइने भो, कहाँ भन्नुपर्ने हो, नयाँ बन्दोबस्त भो भन्छन्!

× × ×

एकै छिनपछि कारमाथि चढेर लाउडस्पीकरबाट मानिस बोल्दै आए—'भोलि सानो टुंडिखेलमा चार बजे भाषण हुन्छ, सुन्न आउनुहोला !

थोक व्यापार

हुकुमी शासन गयो, तर त्यसको स्वाद कहाँ गएको छ र, के मालिक के नोकर !, उनीहरूलाई आजकल यति नरमाइलो छ !

× × ×

अरूको अगाडि मालिकले खिसिक्क हाँसेर हेर्दा आफ्नू कत्रो धाक थियो। लूटको धन फूपुको श्राद्ध ! अझ केही पाएको दिन त कुरै भएन ? चः चः अब ती दिन गए ?—चिन्ताग्रस्त भएर यति विचार गरेपछि मदनले तुरुन्त एउटा विन्तिपत्र गुप्ती तवरले मालिककहाँ पठाए—'अब हाम्रो चाकडीप्रथालाई दुनियाले मन पराएन त यसलाई मिटाइ नै दिने कि रूपान्तर गरिदिने ?

विन्तिपत्रको जवाफ—'विन्तिपत्रबाट खुशी भयौं। हाम्रो सम्बन्ध पुरानै छ, तिमीले भने जस्तै रूपान्तर गर्न पर्‍यो। संघको जमाना छ, संगठन गर। आम चुनावमा काम देखाउन सक्यौभने........। ढोकामा आइरहनुपर्दैन।'

× × ×

मदनले विशाल जनसमूहमा भाषण दिंदै भने—'भाइहो, निरंकुश राणाशाहीको खुनी पञ्जाबाट मुक्त भयौं। तर देशमा धेरै काम बाँकी छ। आउनुहोस् संगठित हुनुहोस्।...इत्यादि।

शाखा :—

रत्न पुस्तक भण्डार
लोहारपट्टी मार्केट,
वीरगञ्ज, नेपाल ।

रत्न पुस्तक भण्डार
रँगेली रोड,
विराटनगर, नेपाल ।

रत्न पुस्तक भण्डार
२/२७ गायघाट, वाराणसी ।